श्रीलिया

# बारा जिल्ला अदालतबाट जारी भएको

## दण्ड जरिवाना र सरकारी विगो छुट सम्बन्धी जरुरी सूचना

<u>सूचना प्रकाशित मिति २०७५/०४/३०</u>

अदालतको फैसला बमोजिम लागेको दण्ड जरिवाना र सरकारी विगो आदि बाँकी वक्यौता बुझाउन बाँकी रहेका सम्बन्धित व्यक्तिहरुले सो बाँकी वक्यौताको रकम बुझाउन ल्याएमा जिल्ला अदालत नियानवली, २०५२ को नियम ८७ को उपनियम २ बमोजिम यो सूचना जारी भएका मितिले देहाय बमोजिम छुट दिई लगत कट्टा गर्ने गरी मिति २०७५।०४।२९ मा यस अदालतबाट निर्णय भएको हुँदा उल्लेखित समय भित्र त्यस्तो बाँकी वक्यौता रहेका व्यक्तिहरुले यस अदालतमा कार्यालय समय भित्र बाँकी वक्यौताको रकम बुझाउन ल्याएमा छुट दिई लगत कट्टा गरिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

<u>देहाय</u>

१. एक महिना भित्र सम्बन्धित व्यक्तिले बुझाउन ल्याएमा सो रकमको १५ प्रतिशत

२. दुई महिना भित्र सम्बन्धित व्यक्तिले बुझाउन ल्याएमा सो रकमको १३ प्रतिशत

३. तिन महिना भित्र सम्बन्धित व्यक्तिले बुझाउन ल्याएमा सो रकमको ११ प्रतिशत

४. चार महिना भित्र सम्बन्धित व्यक्तिले बुझाउन ल्याएमा सो रकमको ९ प्रतिशत

५. पाँच महिना भित्र सम्बन्धित व्यक्तिले बुझाउन ल्याएमा सो रकमको ७ प्रतिशत

६. छ महिना भित्र सम्बन्धित व्यक्तिले बुझाउन ल्याएमा सो रकमको ५ प्रतिशत

२०७५।४।३०

राजकुमार आचार्य

तहसिलदार

रा.प. तृतीय